**सूचनाको हक सम्बन्धी नियमावली, २०६५** को नियम ३ मा उल्लेखित अनिवार्य प्रकाशनका विषयहरू।

**क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**

- आर्थिक वर्ष ०७८।०७९ का यस इकाइबाट आधारभूत तथा माध्यमिक तहका विद्यालयहरू मध्ये कक्षा १ देखि ५ सम्म संचालन भएका विद्यालयहरूबाट १ जना कक्षा १ देखि ८ सम्मा संचालन भएका विद्यालयहरूका लागि २ जना र कक्षा १ देखि १०/ १२ सम्म संचालन भएका विद्यालयहरूका लागि ३ जनाका दरले परिवर्तित पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो।
- स्थानीय तहका शिक्षा शाखामा कार्यरत कर्मचारी एवम् सामाजिक विकास समितिका संयोजकहरूलाई २ दिने शैक्षिक नीति अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो।
- ३० जना विद्यालयका प्रधानअध्यापक एवम् लेखा सम्बन्धी काम गर्ने कर्मचारीहरूका लागि विद्यालय लेखापालन तथा सार्वजनिक खरीद सम्बन्धी तालिम संचालन भएको थियो।
- २ जना विद्यार्थीहरूका लागि द्वन्द्वपीडित छात्रवृत्ति वितरण गरिएको थियो।
- २७ जना अवकाश प्राप्त शिक्षकहरूको अवकाश पश्चात सेवा सुविधा वापतको रकम भुक्तानी गरिएको थियो।

**ख) सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण**

- यस इकाइको वेवसाइट रहेको र उक्त वेवसाइटको web address: www.edcumyagdi.gov.np रहेको छ।

ख१) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण।**

- उल्लेख भए अनुसारको सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त नगरेको।

ख२) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- चालु आर्थिक वर्ष ०७९।०८० को दोस्रो त्रैमास अवधि सम्म संचालन भएका कार्यक्रमहरूको विवरण
  १. जिल्लास्थित ६ वटै स्थानीय तहका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखका लागि शैक्षिक नीति अभिमुखीकरण सम्बन्धी २ दिने कार्यक्रम संचालन।
  २. शिक्षक सेवा आयोगबाट माध्यमिक तहको शिक्षक पदमा सिफारिस भइ आएका १३ जना शिक्षकहरूलाई नियुक्ति दिइ पदस्थापनाका लागि स्थानीय तहमा पठाइएको।
  ३. अन्नपूर्ण गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि शिक्षक पेशागत सहयोग तथा विद्यालय निरीक्षण अनुगमन सम्पन्न।

४. धवलागिरी गाउँपालिका अन्तर्गत रहेका माध्यमिक विद्यालयका प्रधानअध्यापकहरूका लागि विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि १ दिने अन्तरक्रिया सम्पन्न ।
५. माध्यमिक शिक्षा परीक्षा २०७९मा समावेश हुने विद्यार्थीहरूका लागि रजिस्ट्रेसन तथा आवेदन फारामहरू भराइ सिस्टममा प्रविष्टी ।

ख ३) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

ख४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,

- चालु आर्थिक वर्ष ०७९।०८० को दोस्रो त्रैमास अवधिमा सूचना माग सम्बन्ध निवेदन प्राप्त नभएको ।

ग) **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण ।**

- सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन हुने व्यवस्था नरहेको ।